कृषि तथा वनविज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

फोन /फ्याक्स नं. ०५६- ५२२८५०

## विज्ञापन सम्बन्धी सूचना

गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति :२०७५/०४/२७

**विज्ञापन नं.०१/०७५/०७६ खुल्ला प्रतियोगिता**

कृषि तथा वनविज्ञान विश्वविद्यालयअन्तर्गत रिक्त रहेका निम्नलिखित पदहरुको खुल्ला (लिखित तथा अन्तरवार्ता) प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पूरा गरेका नेपाली नागरिकहरूबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन (मिति २०७५।०४।२७ देखि मिति २०७५।०५।३१ गते) भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन (मिति २०७५।०६।०१ देखि मिति २०७५।०६।०७ गते) भित्र कृ.व.वि.वि. सेवा आयोगको कार्यालय, शीतलचोक, रामपुर, चितवनमा आई पुग्ने गरी २/२ प्रतिका दरले आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपिसहित दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम रु १००।- तिरी कृ.व.वि.वि. सेवा आयोगको कार्यालय, शीतलचोक, रामपुर, चितवनबाट प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । आवदेन फारम साथ राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर स्थित कृषि तथा वनविज्ञान विश्वविद्यालय, चितवनको चल्ती हि.नं. १४२०००००१५०६ मा तोकिएको आवेदन दस्तुर जम्मा गरेको सक्कल भौचर र निम्नलिखित कागजातहरुको २/२ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्ने छ ।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू । साथै विदेशी विश्वविद्यालय वा अन्य विश्वविद्यालयबाट प्राप्त गरेका प्रमाणपत्र भए कृ.व.वि.वि. वा त्रि.वि.को समकक्षताको प्रमाणपत्र र श्रेणी नखुलेका शैक्षिक योग्यताको प्रमाण पत्र भए श्रेणी खुलेको पत्र

३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो थप १ प्रति ।

४. व्यक्तिगत बायोडाटा ५ प्रति ।

५.सम्पर्क स्थान : कृषि तथा वनविज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय शीतलचोक, रामपुर, चितवन ।

कृषि तथा वनविज्ञान विश्वविद्यालयअन्तर्गत स्थायी पदपूर्ति गर्नुपर्ने पद र आवश्यक संख्या

| क.सं | पद | तह/श्रेणी | आवश्यक संख्या |
|---|---|---|---|
| १ | आई.टी. अफिसर (प्राविधिक) | अधिकृत, तृतीय श्रेणी | १ (एक) |
| २ | सिभिल इन्जिनियर (प्राविधिक) | अधिकृत, तृतीय श्रेणी | १ (एक) |
| ३ | कानून अधिकृत | अधिकृत, तृतीय श्रेणी | १ (एक) |
| ४ | लेखा अधिकृत | अधिकृत, तृतीय श्रेणी | १ (एक) |

न्यूनतम शैक्षिक योग्यता :

१. आई.टी. अफिसर (प्राविधिक) अधिकृत (तृतीय श्रेणी) पदको लागि आई.टी. विषयमा स्नातक तह उत्तीर्ण गरेको अथवा वि.एस्सी. CSIT (Computer Science and Information Technology) उत्तीर्ण गरेको अथवा Computer Science मा स्नातक तह उत्तीर्ण गरेको ।

२. सिभिल इन्जिनियर (प्राविधिक) अधिकृत तृतीय श्रेणी पदको लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको ।

३. कानुन अधिकृत तृतीय श्रेणी पदको लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको

४. लेखा अधिकृत तृतीय श्रेणी पदको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

<u>द्रष्टव्य</u>

१. लिखित परीक्षाको मिति तथा स्थान सम्पर्क मितिको दिन यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको सेवा आयोगको सूचना पाटीमा टाँस गरिने छ ।

(पाठ्यक्रमको लागि website मा हेर्नु होला)

२. आवेदन दस्तुरः रु १०००।-

अध्यक्ष

वेभसाइट : www.afu.edu.np , सम्पर्क कार्यालय : पो.ब.नं.१३७१२, एन.के. सिंह मार्ग १०९, नयाँ बानेश्वर काठमाडौं
फोन नं. ०१-४४७८६४७ फ्याक्स :०१-४४७८४४८